## लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।१०

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. प्रभावकारी अभिलेख व्यवस्थापनका लागि आवश्यक तत्वहरू के-के हुन्? उल्लेख गर्दै अभिलेख व्यवस्थापन विधिका बारेमा संक्षेपमा प्रकाश पार्नुहोस् । २.५+२.५=५

२. आधुनिक सार्वजनिक प्रशासनको कार्यक्षेत्रको बारेमा प्रकाश पार्नुहोस् । ५

३. 'संगठनमा सबैभन्दा महत्वपूर्ण सम्पत्ति जनशक्ति हो ।' यस कथनलाई संगठनले जनशक्ति विकासमा ध्यान दिनुपर्ने पक्षहरूलाई समेट्दै पुष्टि गर्नुहोस् । ५

४. समूहगत कार्य (Team Work) भन्नाले के बुझ्नुहुन्छ? यसका विशेषताहरू बुँदागतरूपमा लेख्नुहोस् । २.५+२.५=५

५. सफल नेतृत्वमा हुनुपर्ने गुणहरू के-के हुन्? उल्लेख गर्नुहोस् । ५

६. नागरिक वडापत्र भनेको के हो? नागरिक वडापत्रमा समेटिने विषयहरूका बारेमा प्रकाश पार्नुहोस् । २+३=५

७. घाटा बजेट (Deficit Budget) भनेको के हो? घाटा बजेट किन बनाईन्छ? लेख्नुहोस् । २+३=५

८. Email र Internet को प्रयोगबाट हुने फाइदाहरू उल्लेख गर्नुहोस् । ५

९. सरकारले जनतामा पुऱ्याउनु पर्ने सेवाहरू के-के हुन्? सार्वजनिक सेवा प्रवाहमा रहेका मुख्य-मुख्य समस्याहरू पहिचान गरी तिनको समाधानका लागि के गर्नु पर्ला? आफ्ना मौलिक सुझावहरू दिनुहोस् । ३+३+४=१०

### खण्ड "ख" — ५० अङ्क

१०. नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रमुख पाँचवटा काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् । ५

११. नागरिक उड्डयन नियमावली, २०५८ बमोजिम के-कस्तो कार्य गर्नको लागि व्यक्तिगत इजाजत र रेटिङ प्रमाणपत्र लिनु पर्दछ? ५

१२. उचित र पर्याप्त आधार तथा कारण भएको अवस्थामा प्राधिकरणको कर्मचारीलाई सजाँय दिने अधिकारीले के-कस्तो सजाँयको आदेश दिन सक्छ? उल्लेख गर्नुहोस् । ५

१३. वायुयानलाई विसान शुल्क नलगाउने अवस्थाबारे उल्लेख गर्नुहोस् । ५

क्रमशः ...

१४. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ बमोजिम नेपालका विमानस्थलमा अवतरण हुने वायुयानमा अनाधिकृत हस्तक्षेप भएमा वा हुन सक्ने आशंका भएमा सुरक्षा व्यवस्था कसरी मिलाउनु पर्दछ? उल्लेख गर्नुहोस् । ५

१५. भ्रष्टाचार भन्नाले के बुझ्नुहुन्छ? भ्रष्टाचार बढ्नुका कारणहरू उल्लेख गर्नुहोस् । २+३=५

१६. पर्यटन क्षेत्रको विकासको लागि हवाई सेवा प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणको भूमिका उल्लेख गर्नुहोस् । ५

१७. श्रम ऐन, २०७४ अनुसार श्रमिकप्रति रोजगारदाताको कर्तव्यहरू के-के छन्? उल्लेख गर्नुहोस् । ५

१८. हवाई नीति, २०६३ का नीतिगत उद्देश्यहरू के-के रहेका छन्? उक्त उद्देश्यहरू पूरा गर्ने क्रममा प्राधिकरणले चालेका सकारात्मक कदमहरूको बारेमा चर्चा गर्नुहोस् । ५+५=१०

:: समाप्त ::